**विषय–सुचि**

१ परिचय ..... 2
१.१ सान्जेन जलविद्युत कम्पनी लिमिटेड ..... 2
१.२ उद्देश्य ..... 2
१.३ सञ्चालक समिति ..... 2
१.४ कम्पनीको शेयर संरचना ..... 2
१.५ ऋण लगानी ..... 3
१.६ सान्जेन जलविद्युत आयोजनाको परिचय ..... 3
२ मुख्य कार्यहरु ..... 4
२.१ आयोजनाको संक्षिप्त विवरण ..... 4
२.२.१ लट नं. १ : पुर्वाधार निर्माण कार्य ..... 4
२.२.२ लट नं. २ : सिभिल कार्य ..... 4
२.२.३ लट नं. ३ : इलेक्ट्रोमेकानिकल कार्य ..... 5
२.२.४ लट नं. ४ : हाइड्रोमेकानिकल कार्य ..... 5
२.२.५ लट नं. ५ : प्रसारण लाइन निर्माण कार्य ..... 5
२.२ निर्माण सुपरिवेक्षण परामर्शसेवा ..... 5
२.३ भौतिक पूर्वाधारहरु ..... 6
२.४.१ प्रवेशमार्ग ..... 6
२.४.२ कार्यालय भवनहरु निर्माण ..... 6
२.४.३ प्रिफ्याब भवनहरु निर्माण ..... 6
२.४.४ पुनःस्थापना आवासगृहहरु निर्माण ..... 6
२.४.५ चिलिमे पावर हाउस देखि तिलोचे सम्म ११के.भी प्रसारण लाइन ..... 6
३ आयोजनाहरुमा मा संचालित क्रियाकलापहरु र कार्यान्वयनको अवस्था ..... 7
३.१ लट नं. १ पूर्वाधार निर्माण कार्यहरु ..... 7
३.२ लट नं. २ मुख्य सिभिल कार्य ..... 7
३.३ लट नं. ३ ईलेक्ट्रोमेकानिकल कार्य ..... 7
३.४ लट नं. ४ हाईड्रोमेकानिकल कार्य ..... 8
३.५ लट नं. ५ प्रसारण लाइन कार्य ..... 8
३.६ परामर्श सेवा ..... 8
३.७ भौतिक पूर्वाधारहरु ..... 8

# १ परिचय
## १.१ सान्जेन जलविद्युत कम्पनी लिमिटेड

नेपाल जलश्रोतमा विश्वकै धनी मुलुकहरु मध्येमा एक हो । उपयुक्त भू-बनोट तथा पर्याप्त जलविद्युत उत्पादनको सम्भावना भइकन पनि वर्तमानमा विद्युत अभावको कारणले अधिकांश समय अध्यारोमा वस्नुपर्ने नेपालीहरुको वाध्यता छ । यसै विषम परिस्थितिलाई हटाउने प्रयास स्वरुप स्वदेशी स्रोत, श्रम र सीपको परिचालनबाट कम लागतमा यथेष्ट जलविद्युत उत्पादन गरि समुन्नत तथा विकसित नेपालको निर्माणमा सहयोग पुऱ्याउने तथा उर्जा क्षेत्रमा रहेको विद्यमान संकटलाई न्यूनीकरण गर्ने उद्देश्यका साथ सान्जेन जलविद्युत कम्पनी लिमिटेड एउटा स्वायत्त कम्पनीको रुपमा स्थापना गरिएको हो ।

यस कम्पनीको मुख्य प्रवर्द्धक चिलिमे जलविद्युत कम्पनी हो । २२ मेगावाट क्षमताको चिलिमे जलविद्युत आयोजनाको सफल निर्माण पश्चात मझौला क्षमताका आयोजनाहरु यथाशक्य छिटो निर्माण सम्पन्न गर्ने सिलसिलामा रसुवा जिल्लाको चिलिमे गा.वि.स. मा पहिचान गरिएको सान्जेन (माथिल्लो) जलविद्युत आयोजना (१४.८ मेगावाट) र सान्जेन जलविद्युत आयोजना (४२.५ मेगावाट) विकास एवं निर्माणको लागि २०६६ साल माघ १८ गते सान्जेन जलविद्युत कम्पनी लिमिटेडको स्थापना गरिएको हो । यी आयोजनाहरुको निर्माण कार्य सन् २०१९ सम्ममा सम्पन्न गर्ने लक्ष्यको साथ निर्माण कार्य अगाडि बढीरहेको छ । यी आयोजनाहरुबाट उत्पादन हुने विद्युत उर्जा विक्री गर्न नेपाल विद्युत प्राधिकरण सँग विद्युत खरिद-विक्री सम्झौता सम्पन्न भइसकेको छ ।

## १.२ उद्देश्य

यस कम्पनीको मुख्य उद्देश्य स्वदेशी लगानी, स्थानिय स्रोत, श्रम र सीपको अधिकतम परिचालनगरी कम भन्दा कम लागतमा गुणस्तरीय संरचनाहरुको निर्माण पश्चात सम्झौता अनुसारको विद्युतशक्ति उत्पादन गरी लगानीकर्ताको लगानीबाट आकर्षक मुनाफाको सुनिश्चित गर्दै विद्यमान उर्जा संकटलाई न्युनिकरण गर्ने, स्थानिय स्तरमा वातावरणको संरक्षण गर्दै आर्थिक तथा सामाजिक उत्थान एवं पुर्वाधार विकासमा सहयोग गरी राष्ट्र निर्माणमा योगदान गर्ने ।

## १.३ सञ्चालक समिति

आयोजनाहरुको कार्यान्वयन गर्न "सान्जेन जलविद्युत कम्पनी लिमिटेड" कम्पनी २०६६ माघ १८ गते स्थापना गरिएको हो । कम्पनीको ६ सदस्यीय सञ्चालक समितिमा देहाय बमोजिम प्रतिनिधित्व रहेको छ:

१. चिलिमे जलविद्युत कम्पनी लिमिटेडबाट मनोनित– ४ जना
२. नेपाल विद्युत प्राधिकरणबाट मनोनित – १ जना
३. कर्मचारी सञ्चयकोषबाट मनोनित – १ जना

## १.४ कम्पनीको शेयर संरचना

कम्पनीको शेयर संरचना देहाय बमोजिम रहेको छ :

प्रवर्धकको तर्फबाट

| | | |
|---|---|---|
| १. | चिलिमे हाइड्रोपावर कम्पनी लिमिटेड | ३९.३६ प्रतिशत |
| २ | नेपाल विद्युत प्राधिकरण | १०.३६ प्रतिशत |
| ३. | रसुवा जिविस र १८ गाविस | १.२८ प्रतिशत |
| | **जम्मा** | **५१.०० प्रतिशत** |

अन्य

| | | |
|---|---|---|
| १. | प्रवर्धक कम्पनीको कर्मचारीहरु | ३.५० प्रतिशत |
| २. | संचयकोषका कर्मचारीहरु | १.०० प्रतिशत |
| ३. | संचयकोषका संचयकर्ताहरु | १९.५० प्रतिशत |
| ४ | आयोजना प्रभावित क्षेत्रका सर्वसाधारणहरु | १०.०० प्रतिशत |
| ५. | अन्यसर्वसाधारणहरु | १५.०० प्रतिशत |
| | **जम्मा** | **४९.०० प्रतिशत** |

## १.५ **ऋण लगानी**

ऋण लगानीतर्फ देहाय अनुसार ऋण लगानी हुनेछः
आयोजनालाई आवश्यक आर्थिक श्रोत मध्ये ५०% दीर्घकालिन ऋण लगानीको लागि मिति २०६८ मंसीर २२ मा कर्मचारी सञ्चयकोष, चिलिमे जलविद्युत कम्पनी र यस कम्पनी बीच त्रिपक्षीय ऋण सम्झौता सम्पन्न भएको छ ।

## १.६ **सान्जेन जलविद्युत आयोजनाको परिचय**

यो आयोजना सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाको श्रृंखलाबद्ध (Cascade)जलविद्युत आयोजनाको रुपमा रहेको छ । यस आयोजनाको क्षमता ४२.५ मेगावाट रहेको छ भने औसत वार्षिक ऊर्जा उत्पादन २४ करोड १८ लाख युनिट हुनेछ । आयोजनाको ग्रस हेड ४४२ मिटर र डिजाइन डिस्चार्ज सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाको टेलरेस वाट ११.०७ घनमिटर प्रति सेकेण्ड र छुप्चुङ खोलावाट ०.५ घनमिटर प्रति सेकेण्ड गरी जम्मा ११.५७ घनमिटर प्रति सेकेण्ड रहेको छ । यस आयोजनाबाट उत्पादित बिजुली १३२ किलोभोल्ट प्रसारण लाइन मार्फत नेपालको राष्ट्रिय प्रसारण प्रणालीमा जडान गरिनेछ ।

चिलिमे जलविद्युत कम्पनी लिमिटेडले वि.सं. २०६०-२०६६ मा आयोजनाको सम्भाव्यता अध्ययन तथा प्रवेशमार्गको विस्तृत इञ्जिनियरिङ्ग डिजाइन कार्य गरेको थियो भने वि.सं. २०६६-२०६७ सम्म सान्जेन जलविद्युत कम्पनी लिमिटेडले विस्तृत सम्भाव्यता अध्ययन (Detailed Feasibility Study)कार्य गरेको थियो । तत्पश्चात वि.सं. २०६६-२०६७ मा सान्जेन जलविद्युत कम्पनी लिमिटेडले आयोजनाको विस्तृत इञ्जिनियरिङ्ग डिजाइन तथा बोलपत्र सम्बन्धी कागजात तयार गर्ने कार्य सम्पन्न भएको थियो ।

नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद-बिक्री सम्झौता (PPA)अनुसार व्यापारिक उत्पादन भएको वर्ष औसत रु.५.३१ र त्यपछि ९ वर्षसम्म वार्षिक वृद्धि भई सम्झौता अवधिभर खरिद-बिक्री दर औसत रु.७.१३ प्रति युनिट कायम हुनेछ । सुख्खायाम अर्थात पौष देखि चैत्र सम्मको प्रति युनिट विद्युत खरिद- विक्री दर रु ८/४०।- र वर्षायाम अर्थात वैशाख देखि मंसीर सम्मको प्रतियुनिट विद्युत खरिद-विक्री दर रु ४/८०।- रहेको छ ।आयोजनाको कूल स्वीकृत लागत अनुमान निर्माण अवधिको व्याजबाहेक ने.रु. ५.०२४ अर्ब रहेको छ, जसमध्ये ऋण ५०% र स्वपूँजी ५०% रहनेछ ।

## २ मुख्य कार्यहरु

यस आयोजनाको निर्माण कार्यलाई निम्न मुख्य पाँचवटा लटहरुमा विभाजन गरिएको छ भने निर्माण सुपरिवेक्षणको लागि परामर्शदाता नियुक्ति गरिएको छः

लट नं. १ : पुर्वाधार निर्माण कार्य
लट नं. २ : सिभिल कार्य
लट नं. ३ : इलेक्ट्रोमेकानिकल कार्य
लट नं. ४ : हाइड्रोमेकानिकल कार्य
लट नं. ५ : प्रसारण लाइन निर्माण कार्य

### २.१ आयोजनाको संक्षिप्त विवरण

नेपाल सरकारका विभिन्न निकायहरु र यस कम्पनी विच भएका विभिन्न सम्झौता तथा यस आयोजनाले प्राप्त गरेका अनुमति हरुको विवरण :

| | |
|---|---|
| विद्युत उत्पादन अनुमति प्राप्त मिति | : २०६८/०८/१२(2011/11/28 AD) |
| विद्युत खरिद सम्झौता मिति | : २०६८/०८/१९(2011/12/05 AD) |
| वित्तिय व्यवस्थासम्पन्न मिति | : २०६८/०८/२२ (2011/12/08 AD) |
| उद्योग दर्ता मिति | : २०६९/०२/०२ (2012/05/15 AD) |
| वन विभाग संग संझौता मिति | : २०७०/०३/०५ (2013/06/19 AD) |
| रुख कटान अनुमति प्राप्तमिति | : २०७०/०७/११ (2013/10/28 AD) |
| अनुमानित लागत | : ने.रु. ५.०२ अर्ब (निर्माण अवधिको व्याज बाहेक) |

यस आयोजनामा हालसम्मको कार्यहरुको Overall Progress ८३.२० प्रतिशत (Approx. Physical Progress) भएको देखिन्छ ।

### २.२.१ लट नं. १ : पुर्वाधार निर्माण कार्य

यस आयोजनाको Lot-1-Infrastructure works अन्तर्गत प्रवेशमार्ग निर्माण,आयोजना निर्माणको लागि तथा सम्पन्न भए पश्चात् आवश्यक पर्ने आवास तथा कार्यालय भवनहरु, ११kV विद्युत प्रशारण लाइन कार्यहरुको निर्माण पर्दछ ।

### २.२.२ लट नं. २ : सिभिल कार्य

यस लट अन्तर्गत बाँध, इन्टेक, डिस्याण्डर, मुख्य सुरुङ जस्ता सबै प्रमुख सिभिल कार्यहरुको निर्माण पर्दछ । यसका साथै प्रवेशमार्गको बेमदाङ खोला र छुप्चुङ खोलामा पर्ने २ वटा वेली ब्रिजहरु,प्रवेशमार्गको नियमित मर्मत सम्भार र बाँकी रहेका कार्यहरुको निर्माण समेत समावेश रहेको छ ।

| | |
|---|---|
| ठेकेदारको नाम | : एस.इ.डव्लु.- टुण्डी जे. भी. |
| ठेक्का सम्झौता मिति | : २०६९/११/२२ (2013/03/05 AD) |
| काम सुरु भएको मिति | : २०७०/१/२८ (2013/05/11AD) |
| हाल सम्मको भौतिक प्रगति | : ८७.०० प्रतिशत (Approx.) |

### २.२.३ लट नं. ३ : इलेक्ट्रोमेकानिकल कार्य

यस लट अन्तर्गत आयोजनाका मुख्य मेशिन र उपकरणहरु जस्तै टर्वाइन, जेनेरेटर, ट्रान्सफर्मर, स्वीचगियर, भल्व, गभर्नर र सोसँग सम्बन्धित उपकरणहरुको डिजाइन, आयात, जडान, परिक्षण र कमिसनिङ्ग पर्दछन् ।

ठेकेदारको नाम : डोङफाङ इलेक्ट्रिक इन्टरनेसनल कर्पोरेशन(Dongfang Electric International Corporation), चीन

ठेक्का सम्झौता मिति : २०७०/०५/१९(2013/09/04AD)

काम सुरु भएको मिति : २०७०/०७/२०(2013/11/06AD)

हाल सम्मको भौतिक प्रगति : ६५.७९ प्रतिशत(Approx.)

### २.२.४ लट नं. ४ : हाइड्रोमेकानिकल कार्य

यस लट अन्तर्गत बाँध, इन्टेक, डिस्याण्डर आदिमा गेटहरु, स्टपलगहरु, पेनस्टक स्टील पाइप आदिको डिजाइन, आयात, जडान, परीक्षण र कमिसनिङ्ग पर्दछन् ।

ठेकेदारको नाम : नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लिमिटेड, नेपाल

ठेक्का सम्झौता मिति : २०७०/०६/०७(2013/09/23 AD)

काम सुरु भएको मिति : २०७०/०६/३१(2013/10/17AD)

हाल सम्मको भौतिक प्रगति : ८०.७७ प्रतिशत(Approx.)

### २.२.५ लट नं. ५ : प्रसारण लाइन निर्माण कार्य

यस लट अन्तर्गत विद्युतगृहस्थल चिलिमे गाउँ देखि चिलिमे हवसम्म १३२ kV क्षमताको २ कि.मि. लामो प्रसारण लाइन निर्माण कार्यहरु र सोसँग सम्बन्धित डिजाइन, निर्माण, परिक्षण र कमिसनिङ्ग कार्यहरु पर्दछन् ।

ठेकेदारको नाम : मुडभरी एण्ड जोशी कन्स्ट्रक्सन प्रा.लि , नेपाल

ठेक्का सम्झौता मिति : २०७४/०२/१६ (2017/05/30 AD)

काम सुरु भएको मिति : २०७४/०३/१५ (2017/06/29AD)

हाल सम्मको भौतिक प्रगति : ९४.०० प्रतिशत(Approx.)

## २.२ निर्माण सुपरिवेक्षण परामर्शसेवा

यस अन्तर्गत आयोजनाहरुको अन्तिम डिजाइन र मुख्य लटहरु लट नं २, ३ र ४ को निर्माण सुपरिवेक्षण आदि परामर्शसेवा अन्तर्गत पर्दछन् ।

परामर्शदाताको नाम : चिलिमे ईन्जिनीयरिङ एण्ड सर्भिसेज कम्पनी लि.,काठमाडौं

ठेक्का सम्झौता मिति : २०७४/०१/२८ (2017/05/11 AD)

काम सुरु भएको मिति : २०७४/०२/०१ (2017/05/15 AD)

## २.३ भौतिक पूर्वाधारहरु
### २.४.१ प्रवेशमार्ग

यस आयोजनाको प्रवेशमार्गको लम्बाई रसुवा जिल्लाको चिलिमे गाविस–२ देखि सान्जेन (माथिल्लो) आयोजनाको बाँध तिलोचे सम्म ११.२ कि.मि. रहेको छ । साथै चिलिमे गाउँवाट सान्जेन जलविद्युत आयोजनाको सर्ज ट्याङ्क सम्म पुग्ने अर्को ५.६४ कि.मि.लम्बाइको प्रवेशमार्ग रहेको छ ।

प्रवेशमार्गको ट्र्याक निर्माण कार्यहरु विभिन्न स्वदेशी ठेकेदारबाट भएकोमा हाल उक्त सडक खण्डहरुको नियमित मर्मत सम्भार र आवश्यकतानुसार सुदृढीकरण कार्यहरु तथा बाँकी रहेको ट्र्याक निर्माणकार्य गर्ने जिम्मेवारी लट नं. २ सिभिल ठेकेदारलाई दिइएकोमा, यस अन्तर्गत चिलिमे - सिम्वु सडक खण्ड SHEP लट नं.२ सिभिल ठेकेदार र सिम्वु - तिलोचे सडक खण्ड SUHEP लट नं.२ सिभिल ठेकेदार लाइ हस्तान्तरण गरिसकिएको र हाल सम्वन्धित ठेकेदारहरुवाट ट्र्याक निर्माणकार्य सम्पन्न गर्नुका साथै सडक मर्मत सम्भार र आवश्यकतानुसार सुदृढीकरण कार्यहरु  भइरहेका छन् ।

### २.४.२ कार्यालय भवनहरु निर्माण

चिलिमे गाविस को थाम्वुचेत गाउँनजिक ६ वटा आवास तथा कार्यालय भवनहरुको निर्माण कार्य पर्दछ । उक्त आवासिय भवनहरुको निर्माण कार्य सम्पन्न भइसकेको छ ।

### २.४.३ प्रिफ्याब भवनहरु निर्माण

चिलिमे गाविस को थाम्वुचेतगाउँ नजिक ४ वटा सान्जेन जलविद्युत आयोजनाको प्रयोगको लागि, २ वटा आयोजनाका सुरक्षाका लागि खटिएका सशस्त्र प्रहरीहरुको प्रयोगका लागि,चिलिमे आयोजनाको Headworks क्षेत्रमा २ वटा प्रिफ्याब भवनहरु र १ ओटा वंकर नेपाल आर्मीका लागि  निर्माण कार्य पर्दछ ।

### २.४.४ पुनःस्थापना आवासगृहहरु निर्माण

गोल्जुङ्ग गा.वि.स.–२ को थाम्वुचेतगाउँ नजिक १२ वटा र चिलिमे–४ को तेतान्चेत मा ६ वटा पुनःस्थापना गरिने घर परिवारलाई आवासगृहहरु निर्माण गर्ने कार्य पर्दछ ।

### २.४.५ चिलिमे पावर हाउस देखि तिलोचे सम्म ११के.भी प्रसारण लाइन

यस अन्तर्गत आयोजना Construction Power को लागि चिलिमे पावर हाउस देखि तिलोचसम्म १८.७७ कि.मि लामो ११kV प्रसारण लाइन निर्माण कार्य पर्दछ ।

# ३ आयोजनाहरुमा मा संचालित क्रियाकलापहरु र कार्यान्वयनको अवस्था

## ३.१ लट नं.१- पूर्वाधार निर्माण कार्यहरु

यस आयोजनाको Lot-1-Infrastructure works अन्तर्गत प्रवेशमार्ग निर्माण गर्ने क्रममा करीव १६ कि.मि. सडकको निर्माण गर्नका लागि पाँचवटा खण्ड (Packages) मा बिभाजन गरी निर्माण भइरहेकोमा हाल दुवै आयोजनाहरुका लट नं. २ का ठेकेदारलाई हस्तान्तरण गरिएको छ । यसका साथै आयोजना निर्माणको लागि तथा सम्पन्न भए पश्चात् आवश्यक पर्ने आवास तथा कार्यालय भवनहरु तथा सिम्बु तथा चिलिमे गाऊँका १८ घर परिवारहरुलाई पुनर्वासको लागि आवश्यक आवास भवनहरुको निर्माण सम्पन्न भइ हस्तान्त्ररण समेत सम्पन्न भएका छन् ।

## ३.२ लट नं. २मुख्य सिभिल कार्य

लट नं. २ मुख्य सिभिल कार्य अर्न्तगत विभिन्न स्थानमा निर्माण कार्यहरु भइरहेका छन् । हाल हेडरेस टनेल, पेनस्टक टनेल तथा पावरहाउस मा निर्माण कार्यहरु भइरहेका छन् ।

**टनेल खन्ने** कार्य**को हाल सम्मको प्रगति**

| Particulars | Total Length | Progress | Remaining | Progress(%) |
|---|---|---|---|---|
| Headrace Tunnel(HRT) | 3674.84 | 3674.84 | - | 100.0% |
| Adit-1 Brapche Tunnel | 129.89 | 129.89 | - | 100.0% |
| Adit-3 Surge Tank Tunnel | 179.81 | 179.81 | - | 100.0% |
| Aeration Tunnel | 86.5 | 86.5 | - | 100.0% |
| Surge Shaft | 51.19 | 51.19 | - | 100.0% |
| Access to Valve Chamber Tunnel | 48.27 | 48.27 | - | 100.0% |
| Inclined Penstock Adit Tunnel | 205.416 | 205.416 | - | 100.0% |
| Penstock Tunnel | 939.296 | 939.296 | - | 100.0% |
| **Total** | **5315.212** | **5315.212** | **-** | **100.0%** |

- Underground Works अन्तर्गत Headrace Tunnel, SurgeTank, Penstock Tunnel खन्ने कार्य सम्पूर्ण रुपमा सम्पन्न भएको ।
- हाल Tunnel Support का साथ साथै Penstock Installation को कार्यहरु भईरहेको ।
- Powerhouse को निर्माण कार्य भइरहेको ।

## ३.३ लट नं. ३ ईलेक्ट्रोमेकानिकल कार्य

यस आयोजनाको लट नं. ३ ईलेक्ट्रोमेकानिकल कार्यको लागि ठेकेदार M/S Dongfang Electric International Corporation, China मार्फत Design र Manufacturing सम्बन्धि कार्यहरु भइरहेको छ । हाल सम्ममा ठेक्का सम्झौताको निम्न कार्य सम्पन्न भएको छ :

| Particulars | Status |
|---|---|
| **Turbine** | **Partly delivered at Site.** |
| **Generator** | **All parts delivered except stator and rotor which are in the process of delivery.** |
| **Transformers** | **Delivered at Site.** |
| **Main Inlet Valve** | **Delivered at Site.** |
| **Power House Crane** | **Installation completed.** |
| **Grounding** | **Main Mat and Grounding underneath Powerhouse Completed.** |

| | |
|---|---|
| **Switchyard Equipment** | **Installation ongoing.** |
| **Control and Protection System** | **Manufacturing in progress.** |

### ३.४ लट नं. ४ हाईड्रोमेकानिकल कार्य

यस आयोजनाको लट नं. ४ हाईड्रोमेकानिकल कार्यको ठेकेदार M/S Nepal Hydro and Electric Limited (NHE), Nepalले हाल Design /Fabrication सम्बन्धि कार्यहरु भइरहेको छ। हाल सम्म ठेक्का सम्झौताको निम्न कार्यहरु सम्पन्न भएको छ।

| **Particulars** | **Status** |
|---|---|
| **Gates (5 Sets)** | **Installation Completed** |
| **Trash rack (2 Sets)** | **Installation Completed** |
| **Syphon Pipe (117.5m) with Bellmouth & Bends (5 Sets)** | **Installation Completed** |
| **Penstock Pipe** | **100% Fabrication Completed and delivered to site and 52% installation completed.** |

### ३.५ लट नं. ५ प्रसारण लाइन कार्य

Transmission Line अन्तर्गत २० वटा Tower हरु मध्ये १९ वटा Towers को Erection को कार्यसम्पन्न भईसकेको र Stringing को कार्य अन्तिम चरणमा रहेको।

### ३.६ परामर्श सेवा

परामर्श सेवा कार्य अन्तर्गत परामर्शदाता Chilime Engineering and Services Company Limited ले Design Review/Final Design तथा निर्माण सुपरीवेक्षण सम्बन्धी कार्यहरु गरिरहेको छ।

### ३.७ भौतिक पूर्वाधारहरु

**प्रवेशमार्ग**

वर्षातको समयमा क्षति हुन गएका सडक खण्डहरुको आवश्यकतानुसार सुदृढीकरण गर्ने कार्यक्रम रहेको छ। त्यस्तै लट नं. २ को खरिद सम्झौता अनुसार आयोजना अवधिभरको लागि यस खण्डको नियमित मर्मत-सम्भार गर्ने कार्य लट नं. २ सिभिल ठेकेदारले गरिरहेको छ।

**कार्यालय भवनहरु निर्माण**

थाम्वुचेत गाउँनजिक ६ वटा पक्की भवनहरुको निर्माण कार्य सम्पन्न भएको छ।

**प्रिफ्याब भवनहरु निर्माण**

सान्जेन जलविद्युत कम्पनीले २ वटा प्रिफ्याब भवनहरु आयोजनामा सुरक्षार्थ खटिएका सशस्त्र प्रहरीहरुको प्रयोगमा रहेको छ।

**पुनःस्थापनाआवासगृहहरु निर्माण**

थाम्वुचेत गाउँनजिक १२ वटा तथा तेतान्चेतमा ६ वटापुनःस्थापनाआवासगृहहरु निर्माण कार्य सम्पन्न भएको र उक्त आवसगृहमा सम्वन्धित परिवारहरु वसाइ सरिसकेको अवस्था रहेको छ ।

**जग्गा अधिग्रहण**

यस आ.व. मा आयोजना निर्माणको लागि थप आवश्यक जग्गा अधिग्रहण/खरिद गर्ने कार्यक्रम रहेको छ। त्यसैगरी प्रशारण लाइन निर्माणको लागि आवश्यक जग्गा अधिग्रहणको को कार्यको लागि प्रकृया अन्तिम चरणमा रहेको छ।

### ३.८ वातावरण सम्बन्धी भएका कार्यहरु

वातावरणीय व्यवस्थापन तथा वातावयणीय प्रभाव न्यूनीकरणका कार्यक्रम अन्तर्गत वृक्षारोपण, धुलो प्रदुषण न्युनिकरणको लागि Water Sprinkling, भूक्षयनियन्त्रण जस्ता कार्यहरु भएका छन् ।

### ३.९ सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यहरु

सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यहरुमा यस आयोजनाले स्थानिय स्तरमा खानेपानीको व्यवस्था, पैदल वाटो निर्माण तथा मर्मत , सिपमुलक तालिमहरु संचालन गर्ने तथा स्थानिय जनताहरुको निशुल्क स्वास्थ परिक्षण शिविर, सडक निर्माण, विद्यालय निर्माणमा सहयोग तथा सामग्री वितरण, स्थानियलाई केही निशुल्क औषधी वितरण, स्थानियलाई शौचालय निर्माण सामग्री वितरण, प्रहरी चौकी मर्मत संभार, नाली निर्माण, सडक मर्मत संभार, खेलकुद सामग्री वितरण, माने निर्माण तथा पुनस्थापना, वृक्षारोपण तथा भुक्षय नियन्त्रण, भुकम्प राहत कार्यक्रम, बेकरी त्वबष्लष्लन , वन पैदावर उपयोग, तातोपानी व्यवस्थापन तथा निर्माण आदि कार्यहरु गरेको छ । यस आयोजनाले सामाजिक उत्तरदायित्व अन्तर्गत करिब रु २,९७,८६,०००.०० बराबरको सेवा प्रदान गरिएको छ ।

### ३.१० आयोजनाका समस्याहरु

आयोजना सम्पन्न हुने समय नजिकिदै गएको तर सो आयोजनाको Power Evacuation को लागि चाहिने Transmission Line (NEA द्वारा निर्माण हुँदै गरेको) समयमा नै सम्पन्न हुने परिस्थिति नरहेकोले बिजुली खेर जाने सम्भावना अधिक रहेको ।

साथै हाल जारी रहेको COVID–19 को महामारीका कारण China सँग को अन्तराष्ट्रय उडान प्रतिबन्धित भएको कारण आयोजनालाई चाहिनेमात्रमा चिनियाँ कामदारहरु ल्याउन नसकिएको र रसुवागढी नाका पूर्ण रुपमा सन्चालन नहुनाले Electromechanical का सामानहरु ल्याउन कठिनाई भईरहेको जसको कारण आयोजनाको काममा वाधा भइरहेको ।

Photographs

Headwork Area



Penstock Installation Work




Switchyard and Powerhouse Area



Erected Transmission Line Tower